# धनिरामको  नागरिकता

–कपिल अधिकारी

सँधै दौरा सुरुवाल म ठाँटिएर
ढाका  टोपि र कालो टोपि फेरि फेरि लगाएर
धनिराम
रस्ट्रियता को कुरा गर्छ
बाद को कुरा गर्छ
चम्बल बाट्ल्याएको डा भिरेर
ग्रिन कार्ड कतै कंतुर मा लुकाएर
केवल सहिंला दाइ ले सिलाएको
लबेदा सुरुवाल मा बेरियर
झल्किएको धनिराम
रस्ट्रियता को कुरा गर्छ
धनिराम नागरिक समाज को कुरा गर्छ

लाटो देश मा ...
तन्नेरि बनेर
बेबिलोन देखि योर्क  सम्मको ब्याख्या गर्दै
लत्रेको सगरमाथा टेकेर
सँधै डाडु पनेउ हातमा धनिराम को
अंकुश अथवा निरंकुश
शक्ति लाइ उ घुम्छ
तिमीनै अन्नदता सुमेरु कुमेरु भनेर
शक्ति ले उसलाइ

शक्ति ले पाखा लगायको बेला चिच्याउछ
धनिराम
आफू लाइ इपिसेंटर ठानेर
झन चिच्याँउछ
बाद को कुरा गर्छ

देश को
सिमाना को कुरा गर्छ
बिकास
र
प्रजतंत्र को कुरा गर्छ
उ बांता गर्छ

गरिब राम को आँगन मा पुगेर
भूँडि मुसारदै
समानता को कुरा गर्छ
घेरावाल टोपि को कुरा गर्छ
यहि घेरा टेकेर उ आज धनिराम भएको छ

अफ्नो दर्सनतानलाइ  समुंद्र पारि पढाएर
घेरावालका  संतान  फेरि घेरावाला नै बनाएर
धनिराम नाना नाटक रच्छ

सँधै किन बेच
छल कपट बाट उठेको धनिराम
मत को मुल्य तोक छ
नागरिक को मुल्य तोक्छ
मांछे को मुल्य र रारा चाउचाउ
समान बनाएर
आर्थिक क्रांति को कुरा गर्छ

केवल दौरा सुरुवाल मा
बेरिएको भरमा धनिराम
रास्ट्रको कुरा गर्छ
बाद को कुरा गर्छ
रस्ट्रियता को कुरा गर्छ

अगस्त 23, 2003